# निजगढ राजपत्र

**निजगढ नगरपालिकाद्धारा प्रकाशित**

**खण्डः - १,    संख्या-१    निजगढ,    भाद्र १८ गते २०७६ साल**


**नगर कार्यपालिकाबाट पारित मितिः २०७६।०५।१८**

# भाग - १

# निजगढ नगरपालिका

## व्यवसाय दर्ता तथा नविकरण निर्देशिका, २०७६

**प्रस्तावना**

नगरपालकि क्षेत्र भित्र संचालनमा रहेका तथा संचालन गर्न चाहने व्यापार तथा व्यवसायहरुको दर्ता गर्ने, नविकरण गर्ने, अभिलेखन गर्ने, व्यवसाय मैत्री वातावरण तयार गर्ने र ती व्यवसायहरुलाई करको दायरामा ल्याउन नीतिगत व्यवस्था गरी सरल, वैज्ञानिक र नियमन गर्नप्रक्रियागत रुपमा अझ बढी प्रभावकारी तवरबाट गर्न गराउन बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को द(५) ले दिएको अधिकार प्रयोग गरी निजगढ नगरपालिका, निजगढ नगर कार्यपालिकाको मिति २०७६।०५।१८ गते यो व्यवसाय दर्ता तथा नविकरण निर्देशिका, २०७६ बनाई लागु गरेको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**१) नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम व्यवसाय दर्ता तथा नविकरण निर्देशिका, २०७६ रहेको छ ।

(२)यो निर्देशिका तत्काल लागू हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

(क) "कर" भन्नाले नगरपालिकासँग सम्बन्धित प्रचलित ऐन, नियमावली र यो निर्देशिका बमोजिम निजगढ नगरपालिकाको आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूंजीगत लगानी, आर्थिक कारोवार क्षेत्रगत एवं व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसायकरलाई सम्झनुपर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क, कर, दर्ता, जरिवाना समेतलाई जनाउंछ ।

(ख) "कर दाता" भन्नाले दफा ५ बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका व्यक्ति,फर्म वा संघ/संस्थालाई सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(घ) राजस्व प्रमुख" भन्नाले यो निर्देशिका बमोजिम राजस्व शाखाको प्रमुख भै काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगर कार्यपालिकामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले नगरपालिकाको वडा सम्झनुपर्दछ ।

(च) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ। सो शब्दले वडा कार्यालय समेतलाई बुझाउने छ ।

(छ) "शाखा" भन्नाले राजश्व सम्वन्धी शाखा तथा उपशाखालाई सम्झनुपर्छ ।

(ज) "व्यवसायी" भन्नाले व्यापार तथा व्यवसाय संचालन गर्ने गरी नगरपालिका मा व्यवसाय दर्ता गर्ने व्यक्ति/फर्म/संघसंस्थालाई सम्झनु पर्दछ ।

## परिच्छेद - २
## व्यबसाय दर्ता

**(३) व्यवसाय दर्ता गरी व्यवसाय संचालन गर्नुपर्ने:** नगरपालकि क्षेत्रभित्र कुनैपनि व्यवसाय संचालन गर्नु अघि यस निर्देशिका बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ। यस अघि स्थापना भइ संचालनमा रहेका व्यवसायहरु समेत यसै निर्देशिका बमोजिम दर्ता गर्नुपर्ने ।

**(४) व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने:** (१) नगरपालकि भित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसुची-१ म उल्लेखित ढाँचाको दरखास्त फाराम कार्यालयमा दिन सक्नेछ । यस्तो दरखास्त फाराममा देहायका कुराहरुहरू

खुलेको हुनुपर्छ :-

क) व्यवसायको नामः

ख) व्यवसायरहने ठेगाना

ग) व्यवसायको प्रकृति : उद्योग, व्यापार, सेवा, पेशा

घ) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु सेवा तथा कामको विववण

ङ) स्थिर पुँजीगत लगानी

च) व्यवसायीको नाम, ठेगाना र बाबु, बाजेको नाम

छ) व्यवसायरहने घरधनी/जग्गाधनीको नाम

ज) समय समयमा नगरपालिका ले तोकिदिएको अन्य विवरणहरू

झ) व्यवसायीको नागरिकता

ञ) अन्यत्र व्यवसाय दर्ता र इजाजत प्राप्त भएको भए सोको विवरण तथा इजाजत र दर्ता प्रमाणपत्र नम्वर

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यसउपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरू लिई व्यवसाय दर्ता गर्नेछ ।

३) माथि उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-२ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची-३ को ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलव्ध गराउनेछ ।

**५)** एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन गर्नु पर्ने भएमा निर्देशिकाले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा वाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।

तर शाखा वा थप कारोबार स्थलको लागि लाग्ने कर एकमुष्ठ तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरू एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले वाधा पुर्याएको मानिने छैन ।

**६) कर बुझाउने दायित्वः** (१)निजगढ नगरपालिकाको आर्थिक ऐन बमोजिम कर बुझाउने दायित्व व्यवसाय दर्ता भएको व्यक्ति फर्म वा निजको प्रतिनिधिको हुनेछ ।

२) कुनै व्यवसाय एक भन्दा वढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै व्यक्तिलाई पनि कर बुझाउन वाध्य गर्न सकिनेछ ।

**७) व्यवसायको नविकरण गर्नुपर्नेः** दफा ४ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष

शुरु भएको ३ महिना भित्र वार्षिक कर अग्रिम रुपमा तिरी प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नविकरण गर्नु पर्नेछ ।

**८) विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्नेः** (१) दफा ४ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरूमध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा ३० दिनभित्र सोको जानकारी कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ समेत गरी संसोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरेवापत रु. ५००।- थप दस्तुर लिई विवरण संसोधन गरीदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति, कारोवार गर्ने वस्तु तथा सेवाको किसिम तथा व्यवसायको नाम आदि परिवर्तन गर्नुपरेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दर भन्दा वढी लाग्ने भएमा सो फरक कर रकम समेत असूल गर्नु पर्नेछ ।

**९) साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्नेः**

(१) एक व्यक्ति वा एक भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी नगरपालकिामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा सम्बन्धित कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी वार्षिक करको दरमा ५०% वा रु.१०००।- मध्ये जुन बढी हुन्छ सो थप दस्तुर समेत लिई साझेदार थप गरिदिनु पर्नेछ ।

(३) नगरपालकि क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको पेशा व्यवसाय अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा राजस्व प्रमुखले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिश जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिश प्राप्त भएकोमा ठाउँ सारी हुने वडा कार्यालयले ब्यबसाय दर्ता विवरणमा ठाउँ सारी जनाई साबिकको वडा कार्यालयमा ठाउँ सारीको जानकारी दिनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारज गुर्नपर्नेछ ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिश भएपछि तोकिएको समयभित्र

सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु करदाताको कर्तव्य हुनेछ ।

(६) उपदफा (३) बमोजिम ठाउंसारी गर्न चाहने करदाताले ठाँउसारी भई जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी रु. ५००/- दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस निर्देशिका बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने काम सम्बन्धित कार्यालयको हुनेछ ।

## परिच्छेद - ३
## विविध

**१०) कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्ने :** (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा गई आवश्यक जांचवुझ गर्न सक्नेछ ।

(३) यस निर्देशिका बमोजिम दर्ता भएका पेशा, व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्वन्धित व्यवसायीको हुनेछ ।

**११) व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने :** (१) नगरपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायबाट प्रचलित नेपाल कानून बमोजिम अनुमति लिनुपर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्न पूर्व सम्वन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व व्यवसायीको हुनेछ ।

(२) यस निर्देशिका बमोजिम कर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि पेशा, व्यवसाय सञ्चालन गर्ने अनुमति पाएको मानिने छैन ।

**१२) व्यवसाय दर्ता खारेज गर्न सकिने:** (१) यस निर्देशिका बमोजिम कर लाग्ने व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

(३) ऐन, नियमावली र यस निर्देशिका बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मुनासिब कारण खोली व्यवसायीले सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरीचालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि नगरपालकि मा सिफारिस सहित पठाउनु पर्ने छ । नगरपालकि ले कागजात अध्ययन गरी लगत कट्टा वापत लिईनेसेवा शुल्क समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(५) प्रचलित कानून विपरितको कारोबार गरेमा वा पेशा संचालन गरेमा र व्यवसाय संचालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह व्यवसायीबाट असुल गर्नेछ ।

(६) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(७) यस दफा अन्तर्गतको उपदफा(५) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्ध व्यवसायीको नाममा नगरपालिकामा ३ वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ । साथै त्यस्ता व्यवसायीको विवरण सार्वजनिक गरिनेछ ।

**१३) जरिवाना तथा थप दस्तुर लाग्ने:** (१) निर्देशिकामा तोकिएको समयभित्र कर नबुझाएमा कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागि सम्बन्धित आर्थिक वर्षको अन्तसम्मको लागि लाग्ने करमा २५ प्रतिशत जरिवाना लिई असुल उपर गरिनेछ ।

(२) एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नवुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको वार्षिक ५० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असुल उपर गरिनेछ ।

**१४) प्रतिलिपि दिने सक्ने :** व्यवसाय दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जांचवुझ गरी प्रतिलिपि दस्तुर लिई नयां प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**१५) व्यवसाय संचालन नभएको सिफारिस दिन सक्ने :** प्रचालित कानून बमोजिम दर्ता भएका व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा

सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो व्यहोरा प्रमाणित भएमा सो प्रकृतिको व्यवसायमा लाग्ने वार्षिक करको ५० प्रतिशत वा रु. १०००।- मध्ये जुन वढी हुन्छ सो वराबरको दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सकिनेछ ।

**१६) व्यवसाय दर्ता/नविकरण नगरी संचालन गरेमा कारवाही हुने :** (१) प्रचलित कानून र यस निर्देशिका बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय नगरपालकिा क्षेत्रभित्र संचालन गरेको पाईएमा वडा कार्यालय वा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले ३५ दिनभित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा नगरपालिका बाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरू वन्द गर्न सक्नेछ । साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानबाट प्रवाह हुने सेवा, सुविधाहरू वन्द गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि ३ महिनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय वन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

**१७) वाधा अडकाउ फुकाउने अधिकार:** (१) यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

अनुसूची-१
निर्देशिकाको दफा ४ को उपदफा (१) सँग सम्बन्धित

## व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,
निजगढ नगरपालिकाको कार्यालय,
निजगढ,पाँचथर ।

विषय: व्यवसाय दर्ता/नवीकरण गर्न र परिचय पाटी राख्न अनुमति पाउँ ।

मैले/हामीले निम्न स्थानमा ............................................... व्यवसाय दर्ता/नवीकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त दिन आएको छु/छौं । नियमानुसार लाग्ने कर, दस्तुर बुझाउनुको साथ नगरपालिका बाट समय समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मन्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरू ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मन्जुर छु/छौ ।

१. व्यवसायीको नाम, थर : .........................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)
२. स्थायी ठेगाना : ............ जिल्ला ........... न.पा. ...............वडा नं. ........ मार्ग .......... घर नं......
३. बाबुको नाम, थर : ..........................................................................
४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ........ मार्ग .......... घर नं. .........
५. सम्पर्क फोन नं. ..........................फ्याक्स ........................... इमेल : .............
६. भाडामा रहेको भए व्यवसाय रहने घर र जग्गा धनीको नाम, थर : ......................................
७. ठेगाना : ................ वडा नं. ................ घर नं. .......
८. व्यवसायको विवरण /प्रकृति : ............................................
९. पूँजीगत लगानी रु. मा ......................
१०. फर्म/कम्पनीको नाम : ........................................................................
११. परिचय पाटीको साइज : (लम्वाई ............. चौडाई ............ वर्गफिट ..................)
१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. ....................................../कार्यालय : .........
१३. संलग्न गर्नुपर्ने कागजातहरू : आफनै घर जग्गा भए जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि-१, भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१, नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१, करदाताको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति, फर्म कम्पनी भएमा दर्ता, इजाजत प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

.........................
निवेदकको दस्तखत
कार्यालय प्रयोजनका लागि मात्र:-

निवेदन दस्तुर.......... दर्ता दस्तुर ........व्यवसाय कर........ परिचय पाटी दस्तुर..........जरिवाना ...... .. ..
जम्मा .............. व्यवसाय प्रमाण पत्र नं. : ............ मिति : ....................... ................... ......... .. ...
पेश गर्ने / ठीक छ भनी प्रमाणित गर्ने / स्वीकृत गर्ने

अनुसूची-२

निर्देशिकाको दफा ४ को उपदफा (३) सँग संम्बन्धित व्यवसाय दर्ता किताब

## व्यवसाय दर्ता किताब

| क्र.सं | दर्ता मिति | व्यवसायीको नाम | ठेगाना वडा र स्थान | व्यवसायको प्रकार | व्यवसायको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

अनुसूची-३
निर्देशिकाको दफा ४ को उपदफा (३) सँग सम्बन्धित

## व्यवसाय दर्ता प्रमाण पत्र

दर्ता नं.
दर्ता मितिः ................

व्यवसाय, फर्मको नामः ..........................................................................................
व्यवसायी धनीको नामः ........................................................................................
घर धनीको नामः ...............................................................................................
व्यवसाय रहेको स्थानः .........................................................................................
व्यवसाय रहेको बाटोको नामः ..............................................................................
व्यवसाय रहेको घर नं. ........................................................................................
कुल पूँजी रकम रु. ........................

**अन्य निकायमा दर्ता भएको छ भने**

व्यवसायको इमेलः ........................................ निकायः .........................................
फोन नं.: .................................................... दर्ता नं. ..........................................
प्यान नं. .................................................... मितिः ...........................................

| क्र.सं. | व्यवसायको प्रकार | व्यवसायको प्रकृति | वडा नं. | दर्ता नं. | टोलको नाम | बाटोको नाम | घर नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

नोटः यो प्रमाणपत्र स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३८ बमोजिम ............ बाट जारी गरेको आदेश निर्देशन र सूचनाको पालना गर्ने जारी गरिएको छ।

........................ ........................
व्यवसायको दस्तखत वडा अध्यक्ष

**प्रमाणिकरण गर्नेको**
**नामः सुरेशकुमार खनाल**
**पदः नगर प्रमुख**
**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०५।१८**
**पृष्ठ संख्या : १०**
**मुल्य : रु. १५/-**